# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७५।१०।२९ गते

## प्रेस विज्ञप्ति

### विषय: आयोगको २८औं स्थापना दिवस समारोह सम्पन्न।

---

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको २८औं स्थापना दिवस सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीको प्रमुख आतिथ्यमा माघ २८ गते विभिन्न कार्यक्रम गरी भव्यरुपमा सम्पन्न भयो। यसै अवसरमा सम्माननीय राष्ट्रपतिबाट स्वतन्त्र संवैधानिक निकायको रुपमा स्थापित अख्तियार दुरुपयोग अनुसन्धान आयोगका कामकारबाहीहरूबाट राज्यप्रदत्त सेवा र सुविधाहरू सरल र सहज रुपमा प्राप्त हुने व्यवस्था सुनिश्चित गर्न, विनियोजित स्रोत साधनको सदुपयोग गर्न तथा सरकारी सम्पत्तिको संरक्षण गर्नमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा व्यक्त गर्दै नवीन प्रविधि र परिवर्तित प्रवृत्तिका कारण सिर्जित चुनौती समेतको सामना गरी भ्रष्टाचार निर्मूल गर्न सबै सरोकार पक्षको साझा अठोट र प्रतिबद्धता हासिल हुने विश्वास व्यक्त गर्नुभयो ।

सम्माननीय राष्ट्रपतिले विष वृक्ष समान भ्रष्टाचार सबैका लागि पिडादायी हुनुका साथै जति बढ्दै जान्छ, उति नै नियन्त्रण कठिन हुँदै जान्छ र समाजका हरेक क्षेत्रलाई क्षतविक्षत र तहसनहस बनाउँदै जान्छ भन्नु हुँदै यस कटु यथार्थलाई हृदयंगम गरी समाज र राष्ट्रबाट भ्रष्टाचारजन्य प्रवृत्तिलाई छिटोभन्दा छिटो निर्मूल पार्नुपर्ने आवश्यकता औंल्याउनुभयो। वहाँले सार्वजनिक पदाधिकारी तथा कर्मचारीहरूले निष्ठा र कर्तव्यपरायणताका साथ जिम्मेवारी निर्वाह गरेमा राज्यसंयन्त्रप्रतिको जनविश्वास अभिवृद्धि हुनुका साथै जनअपेक्षा अनुरूप मुलुकमा सुशासन र समृद्धि हासिल हुन सक्दछ भन्नुभयो। साथै, भ्रष्टाचार भइसकेपछि कारबाही गर्नेभन्दा भ्रष्टाचार हुनै नदिने अवस्थाको सिर्जना गर्नु र सार्वजनिक पद धारण गरेका हरेक व्यक्तिले आफूले भ्रष्टाचार नगर्ने र अरूलाई पनि भ्रष्टाचार गर्न नदिने कुराको प्रतिवद्धता गर्नु नै भ्रष्टाचार नियन्त्रणको सबैभन्दा उत्तम उपाय भएको हुँदा भ्रष्टाचार विरोधी महाअभियानमा आ-आफ्नो ठाउँबाट सार्थक प्रयास गर्ने अठोट गर्न आह्वान गर्नुभयो।

सोही अवसरमा सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीले आयोगबाट विगतमा भ्रष्टाचार विरुद्ध भएका कामहरू, पुऱ्याएको सेवा र अहिलेसम्म प्राप्त उपलब्धिहरूका लागि बधाई दिनु हुँदै आगामी दिनमा भ्रष्टाचार विरूद्धको अभियानमा थप सफलता प्राप्त होस् भनी शुभकामना समेत व्यक्त गर्नुभयो। वहाँले सरकारको ध्यान सुशासन र विकासमा केन्द्रित रहेको अवस्थामा सो उद्देश्य हासिल गर्न भ्रष्टाचार नियन्त्रण जरूरी भएको बताउनुभयो। सम्माननीय प्रधानमन्त्रीले हामी सबैको साझा शत्रुका रुपमा रहेको भ्रष्टाचारका विरूद्ध सरकार, आयोग र अन्य सम्बन्धित निकाय कृतसंकल्पित रहेको अवस्थामा भ्रष्टाचार कदापि लुकाउन नसकिने र सो अपराधमा संलग्न व्यक्ति स्वयं दण्ड सजायको भागिदार हुनुपर्ने हुँदा भ्रष्टाचार अन्ततोगत्त्वा अपराधीका लागि समेत शत्रु सावित हुने बताउनुभयो।

सम्माननीय प्रधानमन्त्रीले छिद्रयुक्त गाग्रीबाट पानी रित्तिएसरी भ्रष्टाचारको कारणले स्रोत साधनको अपव्यय मात्र हुने प्रसंग उल्लेख गर्नुहुँदै ज्ञानभूमि र उर्वरभूमि नेपाललाई धनी बनाई समृद्ध नेपाल सुखी नेपालीको परिकल्पना साकार पार्न भ्रष्टाचार विरुद्ध क्रियाशीलताका लागि सबैमा आग्रह गर्नुभयो। मुलुकमा स्वच्छ समाज निर्माण गरी विश्वमा नेपालको पहिचान स्वच्छता, पारदर्शिता, जवाफदेहिता र सदाचारयुक्त मुलुकका रुपमा स्थापित गर्न राज्यका सबै अंग र सरकारका सबै निकाय एवं पदाधिकारीहरूमा आजको दिनले प्रेरणा प्रदान गरोस् भन्ने शुभेच्छा प्रकट गर्नुभयो।

उक्त कार्यक्रमको प्रारम्भमा आयोगका माननीय प्रमुख आयुक्त नवीनकुमार घिमिरेले कार्यक्रमका प्रमुख अतिथि लगायत विशिष्ट व्यक्तित्व र सम्पूर्ण अतिथिहरूमा हार्दिक स्वागत गर्नुहुँदै आयोगको स्थापना दिवसको अवसरमा विशिष्ट व्यक्तित्वहरूको गरिमामय उपस्थितिबाट भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्नमा उपस्थित सबैको सद्भाव प्राप्त हुनुका साथै आयोग परिवारलाई आगामी दिनमा अझ उर्जाशील र निष्ठावान भई क्रियाशील रहन थप हौसला प्राप्त भएको कुरा बताउनुभयो। वहाँले आयोग सार्वजनिक निकायहरूको साधक र सहयोगीका रूपमा सुशासनमा सहयोग पुऱ्याउन क्रियाशील रहेको बताउँदै सार्वजनिक सेवा प्रवाहको कार्यलाई थप व्यवस्थित बनाउन अवलम्बन गर्नुपर्ने कार्यविधि लगायत प्रक्रियागत सुधारका लागि आयोगले

सार्वजनिक निकायहरूलाई आग्रह गरेको, रुग्ण आयोजनाहरूको विवरण संकलन र विश्लेषणको कार्य गरिएको, खरिद र निर्माणमा हुने भ्रष्टाचारको रोकथामका लागि आयोगले बिशेष कार्ययोजना तयार गरी सम्बन्धित निकायमा पठाइसकेको तथा खरिदसम्बन्धी कानूनमा सुधारका लागि सार्वजनिक खरिद ऐनमा संशोधन हुनुपर्ने बिषयहरूमा सुझाव दिएको बताउनुभयो।

आयोगबाट हालै गरिएका नवीन सुधारका प्रयासहरूको चर्चा गर्दै प्रमुख आयुक्तले सुक्ष्म निगरानी तथा द्रुत कारबाहीसम्बन्धी कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याइएको, आयोगको अनुसन्धान र अभियोजनमा निष्पक्षता, एकरुपता, परिपक्वता र प्रभावकारिता ल्याई व्यक्तिको नियत र प्रवृत्तिको आधारमा नभई स्पष्ट कार्यविधिका आधारमा कार्यसम्पन्न गर्ने प्रणाली स्थापित गर्नका लागि विभिन्न कार्यविधिहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको र आयोगको संस्थागत सुदृढीकरणको कार्य अगाडि बढाइएको बताउनुभयो। दण्डात्मक रणनीतिको कार्यान्वयन गरी कुनै पनि सार्वजनिक पदधारण गरेका व्यक्तिउपर अभियोजन गर्ने आयोगको रुची र रहरको बिषय नभएको, सकभर भ्रष्टाचार हुन नपाओस् भन्ने मनशायले निरोधात्मक र प्रवर्द्धनात्मक उपायमा जोड दिएको बताउनुहुँदै प्रमुख आयुक्तले आयोगको हरसम्भव प्रयासका बावजूद पनि एउटा वा अर्को बहानामा भ्रष्टाचारजन्य कार्य गर्ने र जिम्मेवारी र दायित्व पूरा नगर्ने प्रवृत्ति विरूद्ध निर्मम प्रहार गरी कानूनी कारबाहीको दायरामा ल्याउन संवैधानिक मर्मबमोजिम आयोग क्रियाशील रहेको कुरा व्यक्त गर्नुभयो।

माननीय प्रमुख आयुक्तले सामाजिक पद्धतिको उपपद्धतिका रुपमा संस्थागत हुंदै गएको भ्रष्टाचारमाथि निर्मम प्रहार गर्ने सामर्थ्य राखेमा मात्र राज्य हुनुको सार्थकता रहन्छ भन्नुहुँदै यसका लागि आयोगका तर्फबाट आफ्नो प्रतिवद्धता रहेको व्यहोरा व्यक्त गर्नुभयो। भ्रष्टाचारका सम्बन्धमा मौन रहनु झन ठूलो भ्रष्टाचार भएकोले यो मौनतालाई चिरौं र एकीकृत र सामूहिक प्रयत्नबाट भ्रष्ट प्रवृत्तिलाई परास्त गरी समृद्ध नेपाल सुखी नेपालीको परिकल्पनालाई मूर्त स्वरुप प्रदान गरौं, यसो हुन सकेमात्र आशाप्रद भविष्य सुनिश्चित हुनेछ र भावी पिंढीले हामी सबैलाई सदैव स्मरण गरिरहनेछ, प्रमुख आयुक्त घिमिरेले भन्नुभयो।

कार्यक्रममा प्रमुख अतिथि सम्माननीय राष्ट्रपतिले आयोगका २ जना कर्मचारीहरूलाई उत्कृष्ट अनुसन्धानकर्ता पुरस्कार र १० जना कर्मचारीहरूलाई उत्कृष्ट अख्तियार सेवा पुरस्कार प्रदान गर्नुका साथै आयोगबाट प्रकाशित स्मारिका - २०७५ लोकार्पण समेत गर्नुभएको थियो।

कार्यक्रममा विशिष्ट अतिथि सम्माननीय प्रधानमन्त्रीले वक्तृत्वकला तर्फ श्री नमूना आवासिय मा.वि., कुश्मा, पर्वतका छात्रा प्रकृति शर्मा - प्रथम, श्री कैलाली बहुमुखी क्याम्पस, कैलालीका छात्रा पदमा जोशी - द्वितीय र श्री सगरमाथा ई.वो.सेकेण्सरी स्कूल, देवदह, रुपन्देहीका छात्र खगेन्द्र चापागाई - तृतीय तथा कविता तर्फ श्री नेपाल वेद विद्याश्रम सं.मा.वि., गौशाला, काठमाडौंका छात्र याज्ञवल्क्य न्यौपाने – प्रथम, श्री वगलामुखी राधाकृष्ण थारु मा.वि., गुलरिया, बर्दियाका छात्रा प्रश्ना सुवेदी – द्वितीय र श्री न्यू इङ्लिस बोर्डीङ्ग स्कूल, कमलामाई नगरपालिका-५, सिन्धुलीका छात्रा प्रस्तुती अधिकारी – तृतीय हुनुहुने विद्यार्थीहरुलाई पुरस्कार प्रदान गर्नुभएको थियो।

कार्यक्रमको उत्तरार्द्धमा सञ्चालित जनचेतनामूलक सांस्कृतिक कार्यक्रममा विभिन्न कलाकारहरूद्वारा भ्रष्टाचार विरूद्धका सन्देश प्रवाह गर्ने गीत र नृत्य प्रस्तुत गरिएको थियो।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता